# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१ ) काठमाडौं, पुस १७ गते २०५८ साल ( अतिरिक्ताङ्क ५९

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोलुखुम्बु जिल्लाको चौरीखर्क गाउँ विकास समितिको सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र परेका भू-भाग बाहेकका सम्पूर्ण क्षेत्र र खण्ड २६, संख्या १४, मिति २०३३ साल साउन ४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सगरमाथा राष्ट्रिय निकुञ्ज घोषित गर्ने सम्बन्धी वन मन्त्रालयको सूचनामा उल्लेख भए अनुसार उक्त राष्ट्रिय निकुञ्जको चारकिल्ला भित्र परेका तर राष्ट्रिय निकुञ्जको क्षेत्र बाहिर पारिएका जोरसल्ले, तावोथ, घुम्वडा, नाम्चेबजार, स्याङबोचे, खुण्डे, खुम्जुङ, वासिङ्गा, फुङकीटाङ्ग, टयाङवोचे, डिबोचे, मिलिङ्गो थाङबोचे, ताबोचे, मिङबो, राला, शाम्शो, ओग्मा, सुरोओग, साम्सोचोपा, सुरोटेङ, तुवोनाओग्मा, साम्बुर, जोङला, डुग्ला, फुलुङकार्पो, डुसा, लोबुचे, गोरक्षेप, फेरिचे, डिङबोचे, सान्जा, विब्रे, छुकुङ, नाकरजोङ्ग, फोर्त्से, किनार, थोरे, सोमओग, नाला, शोमुङ्ग, गोकियो, लोङ्गपोङ्गा, पाङका, माछेरामा, लुजा, लाफ्रामा, डोले, गेले, टोङवा, गोङला, मेण्डे, लाउडो, थामो, थोग्दे, पारे, साम्डे, थामे, थामेगोम्पा, टेङवो, ओरत्से, आर्थे, चुले, सोङजो, जिम्को, लुनाक र नाङपाईघाटाया गाउँहरू र उक्त गाउँहरूले चर्चेका आवादीलाई सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेको छ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
उपसचिव, (कानून)

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

678